# प्रेस विज्ञप्ती

२०७८ जेष्ठ ३१ गते देखिको अविरल वर्षाका कारण विभिन्न नदी नालामा आएको अस्वभाविक तथा अत्यन्त भयानक बाढी तथा पहिरोका कारण देशभर ठूलो मात्रामा धनजनको क्षति भएको हुँदा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) दु:ख व्यक्त गर्दछ । साथै उक्त प्रकृतिक प्रकोपमा परि ज्यान गुमाउनु भएकाहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ लाभको कामनाका साथै बेपत्ताहरुको यथाशिघ्र खोजी गर्न माग गर्दछ । साथै प्रकृतीक प्रकोपमा परि घरबार बिहिन हुनुभएकाहरुमा धैर्य धारण गर्न शक्ति प्रदान होस् भनि भगवानसंग प्रार्थना गर्दछ । यस दु:खद समयमा सबै पिडितहरुलाई साथ र सहयोग गर्न सबैमा आव्हान गर्दछ । इप्पानले यस प्रकोपबाट घरबार बिहिन भएकाहरुलाई रु १० लाखको राहत वितरण गरिने समेत जानकारी गराउदछौं ।

उक्त बाढी पहिरोका कारण विभिन्न नदी वेसिनमा रहेका धेरै निर्माणाधीन तथा निर्माण सम्पन्न भईसेकेका जलविद्युत आयोजनाहरु तथा विभिन्न ट्रान्समिसन लाईनहरुमा ठूलो क्षति हुन गएकोमा गहिरो दु:ख व्यक्त गर्दछौं र यसरी क्षति पुगेका आयोजनाहरुको सहयोगको लागि इप्पान सदैव तत्पर रहेको जनकारीका लागि अनुरोध गर्दछौं ।

हाल ऊर्जा क्षेत्रमा भएको क्षतिलाई मध्यनजर गर्दै नेपाल सरकारले निम्नलिखित अल्पकालिन तथा दिर्घकालिन रुपमा कार्य अगाडी बढाएको खण्डमा मात्र ऊर्जा क्षेत्रलाई राहत हुन जाने देखिन्छ । त्यसैले नेपाल सरकारले अविलम्ब ऊर्जा क्षेत्रको राहतका लागि निम्न कार्यहरु अगाडि बढाईदिनुहुन माग गर्दछ ।

## <u>तत्काल गर्नुपर्ने अल्पकालिन कार्यहरु</u>

१. आयोजना स्थलसम्म पुग्ने पहुँच मार्गमा क्षति भएका स्थानको तत्काल पुन:निर्माण गर्नुपर्ने ।

२. आयोजना स्थल तथा मानविय वस्तिसम्म निर्माण तथा वितरण गरिएका र हाल बाढीका कारण क्षति पुगेका प्रसारण लाईनहरु तत्काल सूचारु गरिनु पर्ने ।

३. नेपाल विद्युत प्राधिकरणले निर्माण गरेका सवस्टेशनहरुको सुरक्षार्थ तत्काल उचित कदम चाल्नुपर्ने ।

४. गृह मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाईं मन्त्रालय, अर्थ मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुको उच्चस्तरीय संयन्त्र बनाई समस्याहरु तत्काल सम्बोधन गर्नुपर्ने ।

## <u>दिर्घकालिन रुपमा गर्नुपर्ने कार्यहरु</u>

१. बीमाको भुक्तानी गर्ने कार्यका लागि सहजीकरण गर्नुपर्ने तथा बीमा भक्तानी छिटो र सहज बनाउन बीमा समिति तथा अर्थ मन्त्रालयले पहलकदमी गर्नुपर्ने ।

२. निर्माण सम्पन्न हुने चरणमा रहेका आयोजनाहरु तर यस वर्षको बाढीले संरचानामा क्षति भई अथवा ट्रान्समिसन लाईनमा क्षति भई अथवा ट्रान्समिसन लाईनको निर्माण सम्पन्न हुन नसकेको खण्डमा आयोजना कम्तीमा १ वर्ष ढिला हुन जाने देखिएकाले आयोजनाहरुले लिएको ऋण रकमको नेपाल राष्ट्र बैंकले १ वर्षको लागि पनरकर्जा (Refinancing) को व्यवस्था गर्नुपर्ने ।

३. विभिन्न नदी वेसिन तथा कोरिडोरमा रहेका पावर हाउस तथा हेडवर्क्सको सुरक्षाका लागि नेपाल सरकार, जल उत्पन्न तथा प्रकोप नियन्त्रण विभाग मार्फत नदी नियन्त्रणका लागि योजनाहरु बनाउन पहल गर्नुपर्ने ।

कृष्ण प्रसाद आचार्य

अध्यक्ष

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

२०७८ असार ४